# नर्वे आउनु

# Arrivando in Norvegia

Aamiina

Julie Cornelia van Walsum

Anup Aryal

5

नेपाली ne / Italiano it

म र मेरा दुई भाइ सन् २०१६ को डिसेम्बरमा नर्वे आएका थियौं। हामीले गर्मीका लुगा लगाएका थियौँ किनकि हामीले नर्वेमा पनि सोमालियामा जस्तै गर्मी हुन्छ भन्ने सोचेका थियौं। तर हवाई अड्डा पुग्दा हिउँ परिरहेको थियो। मौसम चिसो थियो र हामीलाई जाडो भयो। हामीले केही सुटकेसहरू ल्याएका थियौँ तर तिनमा केवल गर्मीका लुगा मात्र थिए।

. . .

I miei due fratelli ed io siamo arrivati in Norvegia nel dicembre del 2016. Indossavamo abiti estivi perché pensavamo che in Norvegia avrebbe fatto caldo come in Somalia. Ma quando arrivammo in aeroporto stava nevicando. Avevamo freddo, il clima era gelido. Sebbene avessimo portato varie valigie, c’erano solo abiti estivi dentro.

चिसो भएतापनि नर्वे आउँदा म निकै खुसी थिएँ। म अन्ततः मेरी आमालाई फेरि भेट्दै थिएँ, जसलाई मैले ६ वर्षदेखि देखेको थिइन। मेरी आमा र उहाँका दुई साथीहरूले हामीलाई भेट्नुभयो। उहाँलाई देखेर हामी खुसीले रोयौँ। हामी आमा बस्ने सानो सहरतिर लाग्यौँ।

• • •

Nonostante il freddo, ero contenta di essere venuta in Norvegia. Avrei finalmente riabbracciato mia madre, che non vedevo da sei anni. Mia mamma e due sue amiche erano venute a prenderci. Quando le abbiamo viste siamo scoppiate a piangere per la gioia. Ci hanno portato nella cittadina dove vive mia madre.

आमा बस्ने सहरमा सुरुका दिनहरू धेरै अनौठा थिए। एकातिर चिसो र हिउँ थियो भने अर्कोतिर हेर्न र घुम्न लायक खासै केही थिएन। सडकहरू पूरै खाली थिए। मैले भेटेका थोरै मानिसहरू आफ्नै सुरका र कसैको वास्ता नगर्ने खालका देखिन्थे। सोमालियामा जताततै मानिसहरू थिए, त्यसैले यहाँ सबै कुरा अपरिचित जस्तो महसुस भयो। मेरी आमा र उहाँका साथीहरूले हामीलाई केही उपहार दिनुभयो र त्यसपछि उहाँले हामीलाई जाडोका लुगाहरू किन्न लैजानुभयो।

• • •

I primi giorni in quella cittadina sono stati molto strani. Nevicava, faceva freddo e non c’era molto da vedere. Le strade erano completamente vuote. Le poche persone che incontravo sembravano fredde e poco amichevoli. In Somalia c’è gente dappertutto, quindi qui ogni cosa sembrava estranea. Mia madre e le sue amiche ci hanno fatto dei regali, e poi lei ci ha portato ad acquistare vestiti invernali.

क्रिसमसको बिदा पछि म वयस्क शिक्षा केन्द्रमा नर्वेली पाठ्यक्रममा सामेल भएँ। मैले त्यहाँ सामान्य विद्यालयमा अध्ययन सुरु गर्नुअघि दुई वर्षसम्म पढेँ। अहिले म मेरो अध्ययनको अन्तिम वर्षमा छु, र मैले धेरै नयाँ साथीहरू बनाएकी छु। म धेरै मिलनसार छु र अरू मानिसिहरूलाई भेट्दा रमाइलो मान्छु।

• • •

Dopo le vacanze di Natale, mi sono iscritta a un corso di norvegese presso un centro scuola per adulti. Ho studiato per due anni lì prima di essere ammessa in una scuola pubblica. Ora sono all’ultimo anno e ho fatto tante nuove amicizie. Sono molto socievole e amo conoscere altra gente.

विद्यालय सकेपछि म स्वयंसेवकहरूद्वारा सञ्चालित केन्द्रमा जान्छु जहाँ मैले मेरो गृहकार्यमा मद्दत पाउँछु। म त्यही केन्द्रमा सिलाई पनि सिक्दै छु।

• • •

Dopo la scuola vado in un centro gestito da volontari dove mi aiutano a fare i compiti. Lì frequento anche un corso di cucito.

सोमालियामा म कुरान पाठशाला बाहेक कहिल्यै विद्यालय गएकी थिइन वा कुनै पाठ्यक्रममा सामेल भएकी थिइन। मलाई पढ्न र लेख्न आउँदैन थियो। अहिले मैले सोमाली र नर्वेजियन भाषामा लेख्न सिकेकी छु र अन्य धेरै विषयहरू पनि जानेकी छु। शिक्षाबिना म कोही नभएको महसुस गर्थें। अहिले म ज्ञानी र खुसी महसुस गर्छु।

• • •

In Somalia non sono mai andata a scuola né ho fatto corsi eccetto la scuola coranica. Non sapevo leggere né scrivere. Ora ho imparato a scrivere sia in norvegese che in somalo, e molte altre cose. Senza istruzione, sentivo che non ero nessuno. Ora mi sento informata e felice.

म अर्को वर्ष स्वास्थ्य तथा युवा विकासको क्षेत्रमा माध्यमिक शिक्षा सुरु गर्दै छु। भविष्यमा म युवा कार्यकर्ता बन्न चाहन्छु। पढाइ सकेपछि स्थायी जागिर पाउने मेरो सपना छ। मलाई गाडी चलाउन सिक्ने र चालक अनुमति पत्र प्राप्त गर्ने पनि चाहना छ।

• • •

L’anno prossimo andrò alla scuola secondaria, con indirizzo “sviluppo salute e gioventù”. In futuro voglio diventare operatore giovanile. Quando avrò completato la mia istruzione, sogno di avere un lavoro fisso. Voglio anche imparare a guidare e prendere la patente.

यदि म सोमालियामै बसेकी भए मलाई लाग्छ कि म अहिले सम्म आमा भइसकेकी हुने थिएँ। सायद मेरा धेरै बच्चाहरू पनि हुने थिए। यदि म सोमालियामै भएकी भए, मैले अहिले जस्तो अवसर पाउने थिइनँ। नर्वेमा बस्न पाउँदा म भाग्यमानी महसुस गर्छु।

• • •

Se fossi rimasta in Somalia, penso che adesso sarei già madre. Forse avrei già diversi figli. In Somalia non avrei tutte le opportunità che ho adesso. Mi sento fortunata a vivere in Norvegia.

# LIDA Stories

lidastories.net

## नर्वे आउनु

## Arrivando in Norvegia

Aamiina
Julie Cornelia van Walsum
Anup Aryal (ne), Andrea Ciasca Marra (it)

CC BY